# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा
### कोशी प्रदेश, नेपाल

प.सं. २०८१/८२
च.नं.

पत्र संख्या : ०८१/८२
चलानी नं. :

मिति : २०८२/०१/१७
ने.सं. ११४५ वछलाथ्व, ३ बुधवार

**विषय** : हार्दिक अपिल ।

विद्यालय तहको शैक्षिक सुधारको लागि शिक्षा क्षेत्रमा रहेका विद्यमान समस्या समाधानको स्पष्ट व्यवस्था एवं शिक्षक कर्मचारीहरुको वृत्ति विकास तथा पेशागत हकहित, सम्मान र सुरक्षाको सुनिश्चित गरी संघीय तहबाट **विद्यालय शिक्षा ऐन** जारी गर्नुपर्ने लगायतका मागहरु राख्दै मिति २०८१ चैत्र २० गतेदेखि नेपाल शिक्षक महासंघको अगुवाइमा सामुदायिक विद्यालयका शिक्षक/कर्मचारीहरुले काठमाण्डौं केन्द्रित अनिश्चितकालिन सडक आन्दोलन गरिरहँदा लामो समयदेखि विद्यालयका शैक्षिक तथा प्रशासनिक कार्यहरु अवरुद्ध भएको व्यहोरा सर्वबिदितै छ । सिद्धिचरण नगरपालिका अन्तर्गतका विद्यालयमा कार्यरत शिक्षक-कर्मचारीहरु समेत आन्दोलनमा सहभागी हुँदा नगरपालिकाको शैक्षिक क्यालेण्डर अनुसार हुनुपर्ने विद्यालयका शैक्षिक गतिविधिहरु समेत प्रभावित भई बालबालिकाको सिक्न पाउने अधिकारको हनन हुन पुगेको छ । विद्यालयमा नतिजा प्रकाशन, विद्यार्थी भर्ना, पाठ्यपुस्तक वितरण, नियमित पठनपाठन लगायतका कार्यहरु प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा रोकिएका छन् । यो विषय प्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ ।

सिद्धिचरण नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा भर्ना भई अध्ययन गर्न इच्छुक विद्यार्थी र उनीहरुका अभिभावक तथा विद्यालय व्यवस्थापन समितिको चासोलाई समेत ध्यानमा राखी नियमित पठनपाठन सुचारु गर्नुपर्ने परिस्थिति सिर्जना भएको छ । आफ्ना पेशागत हक, हित र अधिकारका लागि न्यायोचित माग राखेर दबाब सिर्जना गर्ने संविधानसम्मत अधिकारको उपयोग गर्नु स्वभाविक हो । यद्यपि बालबालिकाको शिक्षा प्राप्त गर्ने नैसर्गिक हक, अधिकार कुण्ठित हुन दिनुहुँदैन । त्यस्तै विद्यार्थीको शिक्षा प्राप्त गर्न पाउने संबैधानिक हकलाई समेत प्रभावित हुन दिनुहुदैन भन्ने कुरामा सबै पक्ष सचेत हुनु जरुरी छ । आन्दोलनको कारणले भएको शैक्षिक क्षतिको आपुरण गर्न विद्यालयहरुले हिउँदे/वर्षे विदा वा अन्य विदाबाट कट्टा हुनेगरी उक्त विदाको दिनमा समेत अध्यापन गर्ने व्यवस्था मिलाउनुहुनेछ भन्ने विश्वास लिएका छौं ।

आर्थिक, सामाजिक, मानवीय लगायत सर्वाङ्गिण पक्षको विकासको आधारको रुपमा रहेको शिक्षा क्षेत्र र सबैभन्दा बढी मर्यादित एवम् प्रतिष्ठित बनाउनु पर्ने शिक्षण पेशा उपेक्षित भएको महशुस हुनु दुखद् विषय हो । शैक्षिक क्षेत्रको सुधारका लागि सरकार आफै अग्रसर हुनुपर्ने सन्दर्भमा शिक्षकहरु नै आन्दोलनमा जानुपर्ने बाध्यात्मक अवस्था आउनु सामान्य विषय होइन । तथापि विद्यार्थीको शिक्षा प्राप्त गर्न पाउने संबैधानिक हकप्रति संवेदनशील भई आफ्ना जायज तथा संविधानसम्मत मागहरुको स-सम्मान सम्बोधन गराउनका लागि वैकल्पिक तवरले उठान गर्न नेपाल शिक्षक महासंघ समक्ष समेत आग्रह गर्नुका साथै जायज र संविधानसम्मत मागहरु यथाशिघ्र सम्बोधन गर्न नेपाल सरकारसँग जोडदार माग गर्दछौं ।

नेपाल शिक्षक महासंघद्वारा घोषित अनिश्चितकालिन सडक आन्दोलनबाट शैक्षिक क्षेत्रमा सृजना हुने गम्भिर परिस्थितिको पूर्वआँकलन गरी शैक्षिक क्षेत्रको सुधार, शिक्षकहरुले भोग्नुपरेका समस्या समाधान, वृत्ति विकास र ट्रेड युनियन अधिकारको सुनिष्चितता लगायत शिक्षक महासंघले उठाएका अर्थपूर्ण, जायज र संविधानसम्मत मागहरु समयमा नै यथोचित सम्बोधन गराई विद्यालयको पठनपाठन कार्यलाई तत्काल नियमितता गर्न गराउन आवश्यक समन्वय, सहजीकरण तथा सहकार्यका लागि सम्बन्धित सबै पक्ष समक्ष हार्दिक अपिल गर्दछौं ।

तेजन खनाल
नगर प्रमुख

तेजन खनाल
नगर प्रमुख

१७ बैशाख, २०८२